नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सामाजिक समावेशीकरण तथा समाजिक सुरक्षा शाखा

सिंहदरबार, काठमाडौं

फोन नं.०१-४२००३३२

पत्र संख्याः २०७५/७६
चलानी नं. ९५४

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

२०७६।०२।०८

विषयः आवश्यक समन्वय सम्बन्धमा ।

श्री जिल्ला समन्वय समिति सबै,
श्री नगरपालिका सवै,
श्री गाउँपालिका सवै,

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. १४९, मिति २०७६।०२।०७ को पत्रको सम्वन्धमा लेखिदै छ । सो सम्वन्धमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र जिल्ला समन्वय समिति महासंघको संयुक्त आयोजनामा मनाउन लागिएको **राष्ट्रिय महिला दिवस** कार्यक्रममा सहभागिताको लागि अनुरोध भएको हुँदा यसै साथ संलग्न रहेको पत्रबाट कार्यक्रमको विस्तृत व्यहोरा अवगत गर्नुभइ उल्लेखित पदाधिकारीज्यूहरु उक्त कार्यक्रममा सहभागी भईदिनुहुन मिति २०७६।०२।०८ को निर्णयानुसार अनुरोध छ ।

७६।२।०८

सुभद्रा सुवेदी
( शाखा अधिकृत)

बोधार्थ
श्री सूचना तथा प्रविधि शाखाः
वेभसाइटमा पत्र अपलोड गरिदिनुहुन ।

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
**(महिला सशक्तिकरण महाशाखा)**

सिंहदरबार, काठमाण्डौं
फोन नं. :४२००५०२
फ्याक्स : ४२००११६
email:gbvps.mowcsw@gmail.com

पत्र संख्या :- ०७५।७६(लै.हि.नि.)
च.नं. :- १४९

मिति: २०७६/०२/०७

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाडौं ।

विषय :- **राष्ट्रिय महिला अधिकार दिवसको सन्दर्भमा समन्वय गरी दिने सम्बन्धमा ।**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र जिल्ला समन्वय समिति महासंघको आयोजनामा मिति २०७६/०२/१६ गते (तदानुसार 30 May, 2019) का दिन प्रतिनिधिसभामा जरुरी सार्वजनिक महत्वको विषय पारित भएको दिन पारेर सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यमा "लैंगिक विभेद अन्त्यः समृद्ध नेपालको गन्तव्य" भन्ने मूल नाराका साथ "राष्ट्रिय महिला अधिकार दिवस मनाउने" कार्यक्रम आयोजना गरिएको छ । सोही दिन समसामयिक विषयमा प्रस्तुतीकरण गर्ने कार्यक्रम रहेकोले र साको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूको अध्यक्षतामा मूल समारोह समिति गठन भएको छ ।

मिति २०७६/०२/०६ मा बसेको मूल समारोह समितिको बैठकले राष्ट्रिय महिला अधिकार दिवस मनाउन सबै जिल्ला समन्वय समितिका महिला प्रमुख/उपप्रमुख, १/१ जना महिला सदस्य, नगरपालिकाका महिला प्रमुख/उपप्रमुख, गाउँपालिकाका महिला अध्यक्ष/उपाध्यक्षलाई आमन्त्रण गर्ने निर्णय गरेकोले तपशिल बमोजिमका मिति, समय, र स्थानमा उल्लेखित पदाधिकारीहरुलाई सहभागिता गराई दिनुहुन समन्वयका लागि अनुरोध गरिन्छ ।

**तपशिलः**
मिति : २०७६/०२/१६
समय : बिहान ८:३० -४:०० सम्म ।
स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, भृकुटी मण्डप

2065/02/06

(रुद्रादेवी शर्मा)
सह सचिव

**बोधार्थः**
श्री जिल्ला समन्वय समिति महासंघ
**उल्लेखित पदाधिकारी सहभागी गराउन आवश्यक समन्वय गरिदिनु हुन अनुरोध छ ।**

**पुनश्चः आयोजकबाट आतेजाते लगायत बसोबास खर्च नव्यहोरिने हुँदा सो खर्च सहभागिता भएर आउने संस्थाबाटै व्यहोर्ने गरी व्यवस्था मिलाउनु हुन समेत अनुरोध छ ।**